# भाग १

## २०११ साल वैशाख १ गतेको दिन श्री ५ महाराजाधिराजबाट रेडियोद्वारा प्रसारित गरिबक्सेको नव–वर्षको शुभेच्छा–सन्देश !

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि-विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल—नेपालतारा ओंरामपट्ट अतुल-ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखा-दक्षिणबाहु महाधिपति फिल्ड मार्शल सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन-वीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

### आगे मेरा प्यारा प्रजाहरू मैंन्हके यथोचित,

नयाँ वर्ष ल्याउने आजको यस शुभ दिनमा म तपाईहरू सबैलाई आफ्नो हार्दिक शुभकामना प्रदान गर्दछु। 'नयाँ वर्षले हाम्रो यस प्यारो देशको सन्मान र गौरव तथा देशवासीहरूको सुख र समृद्धिमा उत्तरोत्तर वृद्धि हुँदै गएको देखोस् भन्ने परमेश्वरसग मेरो विनीत प्रार्थना छ।'

आजको समारोहमा हाम्रो राष्ट्रीय सेनाको कालीबहादुर दललाई नयाँ निशान प्रदान गर्न पाउँदा मलाई हर्ष लागेको छ। आफ्नो निशानको इज्जत र गौरवको रक्षा गर्नु सेनाको परम कर्तव्य हो। साहस, पराक्रमको निमित्त संसार-प्रसिद्ध हाम्रो सेनाले आफ्नो देश–भक्तिको उज्ज्वल परम्परालाई कायम राखी मेरा योग्य र सर्वप्रिय कम्याण्डर इनचीफको नेतृत्वमा देशको गौरव बढाउँदै जाने छन् भन्ने मलाई पूर्ण विश्वास छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देश अहिले कुन परिस्थितिबाट गुजरी रहेको छ, सो कसैसँग छिपेको छैन। देशको परिस्थिति जस्तो हुनुपर्दछ, त्यस्तो नभए तापनि हतास भई बस्ने कारण छैन। जुन देश प्राकृतिक धनधान्यले यति परिपूर्ण छ तथा जसका निवासी तपाईंहरू जस्ता साहसी र परिश्रमी छन्, त्यस देशको भविष्य उज्ज्वल नभै रहन सक्दैन, यसमा मलाई अलिकति पनि सन्देह छैन। आवश्यक यति मात्र छ कि देशको उत्थान र विकाशको निमित्त सबैले सामूहिक प्रयत्न गरून् र सरकारलाई यस कामको निमित्त जो चाहिने सहयोग दिंदै रहुन्। मलाई विश्वास छ कि सरकारलाई तपाईंहरूबाट चाहिएको मात्रामा उचित मद्दत हमेशा प्राप्त भइरहनेछ। सबैत्र भविष्यपट्टी आशा र विश्वासको दृष्टिले हेर्नुपर्दछ। त्यसो भएमा हामी आफ्नो उद्देश्यमा कहिले पनि विफल हुनेछैनौं।

मेरो सरकारको सामने आज धेरै प्रश्नहरू उपस्थित छन्, जसको अहिले यथोचित हल हुन सकेको छैन। अरू अनेकौं कुराहरूको अतिरिक्त दुइ कुराहरू विशेष महत्वपूर्ण र आवश्यक देखिन्छन्। एउटा हो,–शासन–यन्त्रको सुधार र पुनर्सङ्गठन' र अर्को हो–संविधान सभाका लागि शीघ्र नै आम चुनावको प्रबन्ध। यो कुरा त सबैलाई थाहा नै छ कि सरकारको योजना र कार्यक्रम जस्तोसुकै असल भए तापनि शासन—यन्त्र यदि ठीक र प्रभावशाली छैन भने ती योजनाहरू उचित तरिकाबाट लागू हुँन सक्दैनन् र सरकारका प्रयत्नहरू विफल हुन जानेछन्। यस कुरालाई ध्यानमा राखेर शासन —यन्त्र र व्यवस्थालाई राजनीतिसँग बिल्कुलै अलग राखी कार्यकुशल कम खर्चिलो र प्रभावशाली बनाउनु मेरो सरकारको प्रथम कर्तव्य हुनेछ।

देशमा स्थिरता ल्याउनु पनि कम महत्वपूर्ण र आवश्यक होइन। देशमा स्थिरता नआई कुनै किसिमको प्रगति संभव छैन, यो पनि निर्विवाद छ। यस्तो स्थिरता आउन आमचुनावपछि हुने सरकारद्वारा शासन–व्यवस्थाको काम भएपछि सजिलो हुन्छ। तसर्थ यो परमावश्यक छ कि यो काम जतिसकेको चाँडै पूरा होस्। मेरो सरकारको यस दिशातिर सतत प्रयत्न रहनेछ। सो हुन नसके-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्म तपाईंहरू सबैले मैले परिस्थिति र तपाईंहरूको भावनाको विचार गरेर बनाएको सरकारलाई जोसकेको सहयोग दिनुपर्दछ । देशको हित यसैमा छ ।

मैले प्रायः सबै राजनैतिक दलहरूको सहयोगबाट एउटा राष्ट्रीय सरकारको गठन गर्ने उद्देश्यले मन्त्रिमण्डलको बिस्तार र पुनर्गठन गरेको कुरा पनि तपाईंहरू सबैलाई विदितै छ । मन्त्रिमण्डलबाट बाहिररहेका दलहरू र व्यक्तिहरूसँग मेरो यही अनुरोध छ कि उनीहरूले पनि जिम्मेवारी र देशभक्तिका साथ रचनात्मक कार्यहरू गरेर देशको सुख शान्ति र समृद्धिका लागी जोसकेको सेवा गरून् । देशलाई प्रजातान्त्रिक तथा संसदीय प्रणाली तथा व्यवस्थामा पनि अभ्यास होस् र शासन व्यवस्थामा जनताको पूर्ण सहयोग पनि प्राप्त होस् भन्ने हेतुले लगभग दुइ वर्ष अगाडि एउटा सल्लाहकार सभाको गठन भएको थियो । केही समयपश्चात् देशको परिस्थिति बदलिएकोले सो सभाको विघटन हुनु आवश्यक भयो । तर अब फेरि उक्त सभाको गठन भएमा देशको शासन प्रबन्धमा जनतालाई अरू अधिक मात्रामा सम्मिलित हुने मौका मिल्ने भएकोले म आज फेरि ५उटा बृहत्तर सल्लाहकार सभाको ऐलान गर्न लागेको छु । सदस्यहरूको नाम छुट्टै घोषित हुनेछ । यो कदम, देशमा प्रजातान्त्रिक सँस्थाहरूको पूर्ण विकाश होस् भन्ने मेरो इच्छाको फलस्वरुप नै उठाइएको हो । मलाई आशा छ कि सबै सदस्यहरूले आफूले उचित देखेका सुझावहरू दिएर देशको सेवा गर्नेछन् र देशमा प्रजातन्त्रका निमित्त अत्यावश्यक संसदीय परम्पराको जग बसाल्दै जानेछन् । मैले गत प्रजातन्त्र दिवसको उपलक्षमा भनेको यो कुरा फेरि दोहोऱ्याउन चाहन्छु कि देश सबैको साझा हो र सबैको सामूहिक प्रयत्नबाट नै यसको उत्थान हुन सक्तछ ।

परमेश्वरले हामी सबैलाई सद्-विचारले प्रेरित गरून् ।

जय नेपाल,

नारायणहिटी दरबार ।

संवत् २०११ साल वैशाख १ गते रोज ३ शुभम् ।

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।